# ऋषिङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३ मितिः २०७९/०९/२५

## ऋषिङ्ग गाउँपालिकको संस्था दर्ता ऐन २०७९

भाग-१

ऋषिङ्ग गाउँपालिका, तनहुँ

# ऋषिङ्ग गाउँपालिकको संस्था दर्ता ऐन २०७९

**प्रमाणीकरण मिति : २०७५।०९।२१**

**प्रस्तावनाः** ऋषिङ्ग गाउँपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, खेलकुद, शारीरिक वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संस्थाहरुको नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ऋषिङ्ग कार्यपालिकाले यो ऐन बनाएको छ ।

(१) संक्षिप्त नाम र प्रारम्भः

(क) यो ऐनको नाम "ऋषिङ्ग गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९" रहेको छ ।

(ख) यो ऐन तुरुन्त लागु हुनेछ ।

(२) परिभाषा र व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा -यस ऐनमा

(क) "गाउँपालिका" भन्नाले ऋषिङ्ग गाउँपालिका सम्झनु पर्छ ।

(ख) "गाउँसभा" भन्नाले ऋषिङ्ग गाउँसभालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले ऋषिङ्ग गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) कार्यपालिका भन्नाले ऋषिङ्ग गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले ऋषिङ्ग गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले आर्थिक,सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, आमा समूह, मण्डल, अध्ययनकेन्द्र आदि सम्झनु पर्छ र सो शव्दले टोल विकास संस्था समेतलाई जनाउँछ ।

(छ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समितिलाई सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**(३) दर्ता नगरी संस्था खोल्न नहुने :**

(१) यस ऐन बमोजिम ऋषिङ्ग गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना

ऋषिङ्ग गाउँपालिका, तनहुँ

र सञ्चालन गर्न हुँदैन ।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र र संस्था स्थापना गरी यस गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा समेत यस गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**(४) संस्थाको दर्ता :**

(१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाईस्थापना गर्न चाहेको संस्थाको विधानको (एक) १ प्रति र तोकिएकोदस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम,

(ख) उद्धेश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम,ठेगाना र पेशा ,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालय खोल्ने ठेगाना,

(च) पदाधिकारीको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनेछ ।

तर प्रचलित नेपाल कानुन विपरीत हुने गरी कुनै संस्था दर्ता गरी सञ्चालन गर्न पाइनेछैन र संस्थाको नामबाट कानूनले प्रतिवन्ध लगाएको कार्य गर्न पाइने छैन ।

(३) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा अनुसूची १ र अन्य विषय अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**(५) संगठित संस्था मानिने :**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न,उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि दर्ता भएको नामबाट नालिस उजूर लाग्नेछ ।

ऋषिङ गाउँपालिका, तनहुँ

**(६) संस्थाको सम्पत्तिः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**(७) दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्नेः**

यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएका संस्थाले पनि यो बमोजिमऐन संस्था दर्ता गर्नु पर्नेछ । साथै अन्यत्र दर्ता भएका गाउँपालिकाभित्रका संस्थाहरुले गाउँपालिकामा विवरण अध्यावधिक गराउनु पर्नेछ ।

**(८) संस्थाका उद्देश्यहरुमा हेरफेर :**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम असाधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**(९) हिसाबको विवरण पठाउनुपर्ने :**

प्रवन्ध समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिका समक्ष पेस गर्नु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको

ऋषिङ गाउँपालिका, तनहुँ

वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाबजाँच गराए बापत प्रमुख प्रशासकीय अधिकृतले हिसाबजाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असुल गरी लिन सक्नेछ ।

(३) हिसाबजाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको उपयुक्त जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाबजाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाबजाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानीनोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**११. निर्देशन दिने :**

गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड र सजाय :**

(१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही ५ (पाँच) सय रुपैया सम्म जरीवाना गर्न सक्ने छ ।

(२) दफा ९ बमोजिमको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही (दुई२) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित

पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल कामकारवाही हुनेगरी गरेमा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१३.पुनरावेदनः** प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१४. संस्थाको विघटन र त्यसको परिणाम :**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथा लेखामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नथाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

**(१५) अन्य व्यवस्थाः**

प्रचलित ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पूर्व यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता वा स्थापना गरी इजाजत लिनु पर्नेछ ।

ऋषिङ गाउँपालिका, तनहुँ

**(१६) नियम बनाउने अधिकार :**

यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

**(१७) खारेजी र बचाउः**

१) संस्था दर्ता, नविकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## अनुसूचि १

**ऋषिङ्ग गाउँपालिकाको कार्यालय**
**पोखरी भञ्ज्याङ्ग, तनहुँ,**
**गण्डकी प्रदेश, नेपाल**

दर्ता नं : ................

**संस्था दर्ताको प्रमाण-पत्र**

ऋषिङ गाउँपालिका, तनहुँ

श्री.................................................................,
...............................।

श्री..........................................................................,..........
(नामक संस्था) ऋषिङ्ग गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९ को दफा ४(३) बमोजिम .......... साल ...... महिना .... मा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

.................................
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
प्रमुख पशासकीय अधिकृत